प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७५/०७६ मा डिप्लोमा/प्रमाणपत्र र प्राविधिक एस.एल.सी तहमा विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम २०७५ को नतिजा प्रकाशन एवं मुख्य परीक्षार्थी (Main Candidate) मा छनौट भएका परीक्षार्थीहरुलाई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०७५।११।१०)

नेपाल सरकारको आ.व. २०७५/०७६ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम देशभरीका हलैया, कमैया, बिपन्न(नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी, थुनम) तथा मुस्लिम छात्रछात्राहरुबाट निम्न निर्धारित कोटामा डिप्लोमा/प्रमाणपत्र र प्राविधिक एस.एल.सी तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको उल्लेखित प्राविधिक शिक्षा प्रदान गर्न मिति २०७५।०९।०१ गते प्रकाशित सूचना अनुसार मिति २०७५।१०।१२ गते संचालित प्रवेश परीक्षाबाट मुख्य उम्मेदवार र बैकल्पिक उम्मेदवारमा मिति २०७५।११।०९ गतेको निर्णयानुसार संलग्न नतिजा सूची बमोजिम छनौट भएका परीक्षार्थीहरुलाई तपसिलमा उल्लेखित शिक्षण संस्थाहरुमा अध्ययनका लागि सिफारिश गरिएको हुंदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७५।११।२४ गते) र सो दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्टसम्म भित्र सक्कल कागजातहरु लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्वन्धित सवैमा यसै सूचनाद्वारा सुचित गराइन्छ। सिफारिश भएका मुख्य परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषद्को वेभसाइटबाट नतिजा डाउनलोड गरी भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना निर्देशिका, २०७४ मा उल्लेख भए बमोजिमका आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेशपत्र र आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी परिषद्को वेभसाइट www.ctevt.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परिक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु, कोटामा सम्वन्धित निकायको बर्ग खुलेको सिफारिश पत्र र प्रवेश पत्रको सक्कल प्रमाणपत्रहरु शिक्षण संस्थाको प्राचार्यले रुजु गरी डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४(संशोधन सहित) को (४) अनुसार तोकेको शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुलाई मात्र तोकिएको म्याद भित्र कुनै पनि शुल्क(धरौटी, पुस्तकालय, प्रयोगात्मक, यातायात आदि) नलिई निर्धारित कोटाभित्र भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। सक्कलै कागजात रुजु नगरी अध्ययन गर्ने शैक्षिक कार्यक्रमका लागि योग्यता नपुगेका परीक्षार्थीलाई भर्ना गराएमा त्यस्ता परीक्षार्थीहरुको परिषद् रजिष्ट्रेशन कायम नहुने भएकाले सो को जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्य हुने व्यहोरा समेत सूचित गरिन्छ।

उल्लेखित म्यादभित्र मुख्य परीक्षार्थी भर्ना हुन नआई कुनै शैक्षिक कार्यक्रममा कोटा रिक्त रहन आएमा सम्वन्धित शिक्षण संस्थाले गोरखापत्र राष्ट्रिय दैनिकमा ७ दिनको सूचना प्रकाशित गरी शिक्षण संस्थाको मुल दर्ता कितावमा दर्ता गरी देहाय बमोजिम हुने गरी बैकल्पिक परीक्षार्थीहरु मध्येबाट योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ।

सम्वन्धित शिक्षण संस्थाले जुन शैक्षिक कार्यक्रमको लक्षित बर्ग, समूहको निर्धारित कोटा खाली रहन गएमा सो प्रदेशको खाली रहन गएको कोटाको सोही कार्यक्रमबाट योग्यताक्रमानुसार छनौट गर्ने। सो बाट पुर्ति हुन नसक्ने अवस्था भएमा सोही प्रदेशको अन्य कार्यक्रमहरुबाट योग्यताक्रमानुसार छनौट गर्ने। सो पश्चात समेत कोटा रिक्त हुन गएमा अन्य प्रदेशको उत्तीर्ण सूचीबाट खाली रहन गएको कोटामा प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण मध्येबाट इच्छाए बमोजिमको कार्यक्रममा निवेदन लिई सम्वन्धित कार्यक्रमको योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ।

परीक्षार्थीहरुको नतिजा विवरण परिषद्को वेभसाइट www.ctevt.org.np मा तथा परीक्षा नियन्त्रण कार्यालयको सूचनापाटीमा प्रकाशित गरिएको छ।

**डिप्लोमा/प्रमाणपत्र तह अध्ययनका लागि तोकिएका शिक्षण संस्थाहरु :**

| सि.न | शैक्षिक कार्यक्रम | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको सम्पर्क नं |
|---|---|---|---|
| १. | प्रमाणपत्र तह नर्सिङ्ग | क)ओखलढुंगा स्कुल अफ हेल्थ साइन्स, सोव्रु, ओखलढुंगा (प्रदेश नं. १,२, ३ र गण्डकी प्रदेशको बिपन्न) | ०३७-५२०४४३ |
| | | ख)तानसेन स्कुल अफ हेल्थ साइन्स, तानसेन, पाल्पा (गण्डकी प्रदेशको दलित र मुस्लिम, प्रदेश नं ५, कर्णाली, सुदुरपश्चिम) | ०७५-५२०१६६ |
| २. | डिप्लोमा इन फुड एण्ड डेरी टेक्नोलोजी | शहिद कृष्णसेन इच्छुक प्राविधिक शिक्षालय, घोराही, दाङ्ग | ९८५७८३२५०८ |
| ३. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | बि.पी. स्मृति पोलिटेक्निक इन्स्टिच्यूट, सपही, धनुषा | ९८५४०२९७३२ |
| ४. | डिप्लोमा इन होटल म्यानेजमेण्ट | नेपाल बनेपा पोलिटेक्निक इन्स्टिच्यूट, बनेपा, काभ्रे | ०११-६६०८६७, ६६४२९० |

| | | | |
|---|---|---|---|
| ५. | डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ्ग | कोरिया नेपाल इन्स्टिच्यूट अफ टेक्नोलोजी, तामनगर, रुपन्देही | ०७१-४५०००४, ४५०००८, ४५००३७ |
| ६. | डिप्लोमा इन एग्रिकल्चर (बाली बिज्ञान) | टिकापुर पोलिटेक्निक इन्स्टिच्यूट, टिकापुर, कैलाली | ०९१-५६१२९ |
| ७. | डिप्लोमा इन एग्रिकल्चर (पशु बिज्ञान) | धौलागिरी पोलिटेक्निक इन्स्टिच्यूट, बलेवा, बागलुङ्ग | ०६८-४१३०९६,४१३०९७ |

**प्राविधिक एस.एल.सी तह अध्ययनका लागि तोकिएका शिक्षण संस्थाहरु :**

| सि.न | शैक्षिक कार्यक्रम | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको सम्पर्क नं |
|---|---|---|---|
| १. | अनमी | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा | ०४९-४०००६३ |
| २. | भेटनरी जेटिए | उत्तरपानी प्राविधिक शिक्षालय, उत्तरपानी, धनकुटा | ०२६-५४०२३०, ५४०२३१ |
| ३. | प्लान्ट जेटिए | धवलागिरी प्राविधिक शिक्षालय, लेते, मुस्ताङ्ग | ०१९-४४६५३० |
| ४. | सिभिल इन्जिनियरिङ्ग | शंकरापुर पोलिटेक्निक इन्स्टिच्यूट, सांखु, काठमाण्डौ | ९८५१२४००९३ |
| ५. | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके | ०८१-५२१५३८ |
| ६. | मेकानिकल इन्जिनियरिङ्ग | लहान प्राविधिक शिक्षालय, लहान, सिराहा | ०३३-५६००१५, ५६००१६ |
| ७. | अटोमोबाइल इन्जिनियरिङ्ग | पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रे | ०११-६६२०५० |

नोट : यो सूचना CTEVT को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**